# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालूवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

**पत्र संख्याः** बै.वि.नि.वि/मार्ग दर्शन/१/०६२/६३ **मितिः** 2062.12.25

**श्री सबै इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु**
‸इााष्अभ☐

**बिषयः** <u>ग्राहक पहिचान (Know your Customer) सम्बन्धी कार्यविधि बनाई लागू गर्ने सम्बन्धमा दिएको मार्गदर्शन</u> ।

महाशय,

सबै इजाजतपत्रप्राप्त बाणिज्य बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो ग्राहकको पहिचान (Know your Customer) सम्बन्धमा एउटा स्पष्ट कार्यविधि अवलम्बन गर्न आवश्यक भएको हुँदा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ११० को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी यो मागदर्शन जारी गरिएकोले सोही बमोजिम गर्नु/गराउनु हुन अनुरोध छ ।

१. बैंक तथा वित्तीय संस्थाले आफ्नो ग्राहकको स्पष्ट पहिचान गर्नु (Know your Customers) को मूल उद्देश्य नै गैर कानूनी तरीकावाट आर्जन गरी त्यस्तो रकमलाई बैंक तथा वित्तीय संस्थाको माध्यमबाट शुद्धीकरण गर्ने कार्यलाई रोक्नु प्रमुख उद्देश्य रहेकोले बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो ग्राहकको पहिचान सम्बन्धी कार्यविधि तयार गर्दा मुख्य रुपमा ग्राहक स्वीकार प्रक्रिया, ग्राहकको परिचय गर्ने प्रक्रिया, ग्राहकको कारोवारको अनुगमन प्रक्रिया र जोखिम व्यवस्थापन प्रक्रिया जस्ता विषयमा केन्द्रीत भई कार्यविधि तयार गर्नु पर्नेछ । सो सम्बन्धी कार्यकोलागि छुट्टै जिम्मेवार कर्मचारीको समेत व्यवस्था गर्नु पर्ने छ ।

२. बैंक तथा वित्तीय संस्थाले ग्राहकको खाता खोल्दा, ग्राहकलाई ऋण प्रदान गर्दा, बिदेशी मुद्राको ड्राफ्ट, टि.टि,.मेल, टेलिग्राफिक ट्रान्सफर गर्दा वा त्यस्तो ड्राफ्ट टि.टी., मेल र टेलिग्राफिक ट्रान्सफरवाट रकम स्वीकार गर्दा तथा ग्राहकसंग मुद्रा वा मुद्राको प्रतिस्थापन सम्बन्धी कारोवार गर्दा तथा प्रतितपत्र लगायतका अन्य कारोवार गर्दा अनिवार्यरुपमा ग्राहकसंग आवश्यक्ता अनुसार संलग्न अनुसूची-१ बमोजिमका सूचनाहरु लिनु पर्नेछ । (अनुसूचीमा उल्लेख नभएका र सम्बन्धित बैंक तथा वित्तीय संस्थाले मुद्रा शुद्धीकरण तथा आतंककारी गतिविधिमा हुने लगानी तथा कारोवार नियन्त्रणका सम्बन्धमा आवश्यक देखेका कुराहरु थप गर्न सक्ने छन् ।)

३. बैंक तथा वित्तीय संस्थाले आफ्नो प्रत्येक कार्यालय/शाखामा संलग्न अनुसूची-१ बमोजिमको कागजात लगायत बैंक तथा वित्तीय संस्थामा पेश गर्नु पर्ने अन्य कागजातहरु प्रमाणित गर्नकोलागि कुनै कर्मचारीलाई तोकी त्यस्ता कागजातहरु निजहरुबाट प्रमाणित गराई राख्नु पर्नेछ ।

४. बैंक तथा वित्तीय संस्थाले कुनै ग्राहकको संकास्पद तथा अस्वाभाविक रुपमा कारोवार बढेमा वा घटेमा वा अस्वाभाविक रुपमा विदेशबाट विप्रेषणको माध्यमबाट वा कुनै माध्यमबाट रकम प्राप्त भएमा वा विदेशबाट प्राप्त हुने विप्रेषण रकमको श्रोत नखुलेमा वा स्पस्ट नभएमा त्यस्ता शंकास्पद तथा अस्वाभाविक कारोवार र ग्राहक (व्यक्ति, फर्म, कम्पनी वा संस्था) को विवरण तयार गरी मासिक रुपमा आफ्नो संचालक समितिमा पेश गर्नु पर्नेछ । साथै, बैंक तथा वित्तीय संस्थामा जम्मा (प्राप्त) हुन आउने दश लाख रुपैयाँ भन्दा माथी का रकमको कारोवार, खाता, वही, श्रेस्ता वा हिसाव

केन्द्रीय कार्यालय
बालूवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३


सञ्चालन सम्बन्धी छुट्टै प्रक्रियागत संयन्त्र तयार गर्नु पर्ने छ र त्यस्तो कारोवारको श्रोत समेत सम्बन्धित ग्राहकबाट उल्लेख गर्न लगाई अध्यावधिक गरी राख्नु पर्नेछ ।

५. दश लाख रुपैयाँ भन्दा कम रकमको कारोवार भएकोमा समेत यदि त्यस्तो कारोवार शंकास्पद वा अस्वाभाविक लागेमा त्यस्तो कारोवारको खाता, वही, श्रेस्ता वा हिसाव समेत अद्यावधिक गरी राख्नु पर्नेछ ।

६. बैंक तथा वित्तीय संस्थामा विप्रेषणबाट वा अन्य कुनै माध्यमबाट प्राप्त हुने (ड्राफ्ट, टि.टी, मेल र इलेक्ट्रोनिक ट्रान्सफर समेतको माध्यमबाट) एक लाख रुपैयाँ भन्दा बढीको रकम ग्राहकलाई भूक्तानी गर्दा खातामा जम्मा हुने गरी वा एकाउण्टपेयी चेकको माध्यमबाट भूक्तानी गर्नु पर्नेछ ।

७. बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो ग्राहकहरु वीचको कारोवारको अभिलेख (ईलेक्ट्रोनिक रेकर्ड समेत) कारोवार समाप्त भएको मितिले पाँच वर्षसम्म सुरक्षित राख्नु पर्नेछ ।

८. यस मार्ग दर्शनको बुँदा नं. ४ र ५ बमोजिमका विवरणहरु प्रत्येक त्रयमास समाप्त भएको मितिले पन्ध्र दिन भित्र नियमित रुपमा यस विभागमा पेश गर्नु पर्नेछ ।

९. बैंक तथा वित्तीय संस्थाले कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई कर्जा प्रवाह गर्दा यसै साथ संलग्न अनुसूची - २ बमोजिमको विवरण अनिवार्य रुपमा लिनु पर्नेछ ।

१०. यो मार्गदर्शन मिति २०६३ साल बैशाख १ गतेदेखि लागू हुनेछ र यो मार्गदर्शन लागू हुनुभन्दा अगाडी अस्वाभाविक रुपले भएका कारोवार वा खुलेका खाताहरुलाई मिति २०६३ साल चैत्र मसान्त भित्र यो मार्ग दर्शन बमोजिम अद्यावधिक गरी राख्नु पर्नेछ ।

भवदीय,

(भिष्मराज ढुङ्गाना)
निर्देशक

बोधार्थः
श्री नेपाल राष्ट्र बैंक
बैंक सुपरीवेक्षण विभाग ।
वित्तीय संस्था सुपरीवेक्षण विभाग ।
विदेशी विनिमय व्यवस्थापन विभाग ।
कानून महाशाखा ।

श्री बैंकर्स एसोसिएशन
हेरिटेज प्लाजा, काठमाडौ ।

श्री वित्त कम्पनी एसोसिएशन
आराधना कम्प्लेक्स, बागबजार ।

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : “रावा”
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३


अनुसूची - १

## <u>ग्राहक परिचय सम्बन्धी प्रक्रिया</u>

१. बैंक तथा वित्तीय संस्थाले कारोवारको सन्दर्भमा ग्राहकको प्रकृति हेरी देहाय बमोजिमको सूचना तथा कागजातहरु लिनु पर्नेछ । साथै, आवश्यक परेमा ग्राहकसँग व्यक्तिगत अन्तरवार्ता समेत लिनु पर्नेछ ।

(अ) **खातावाला ग्राहकको सम्बन्धमा**

(क) <u>व्यक्तिगत खाता</u>

(1) स्पष्ट नाम, थर

(2) पिता वा पतिको नाम

(3) स्थायी ठेगाना (ठेगाना प्रमाणित गर्ने आवश्यक कागजात हुनुपर्ने । त्यस्ता कागजातहरुमा नागरिकताको प्रमाणपत्र, राहदानी, पानी तथा बिजुलीको बिल, आवश्यक परेमा सम्बन्धित बैंक कर्मचारीले स्थलगत भ्रमण गरी तयार गरेको नक्सा, मतदाता परिचयपत्र, लालपूर्जा आदि )

(4) अस्थायी ठेगाना

(5) जन्म मिति

(6) टेलिफोन नम्बर (भएमा उल्लेख गर्ने)

(7) नागरिकता/पासपोर्ट (नम्बर र विवरण समेत)

(8) श्री ५ को सरकार वा श्री ५ को सरकारको स्वामित्व भएको संस्थामा काम गर्ने कर्मचारी भए परिचयपत्रको छवी चित्र

(9) फोटो

(10) अन्य आवशयक कागजातहरु (बैंक/वित्तीय संस्था स्वयंले तोक्न सक्ने)

(ख) <u>साझेदारी वा व्यक्तिगत फर्मको खाता</u>

(1) फर्मको नाम

(2) ठेगाना

(3) टेलिफोन/मोवाइल नम्बर (भएमा उल्लेख गर्ने)

(4) साझेदार सबैको नाम र तीनको ठेगाना (फोन नं. सहित)

(5) साझेदारको फोटो

(6) फर्म रजिष्ट्रेशनको प्रमाणपत्र

(7) फर्मका साझेदार वीच भएको कबुलियतनामा

केन्द्रीय कार्यालय
बालूवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(8) साझेदार फर्म भए आर्थिक तथा प्रशासनिक कारोवार गर्ने सम्बन्धमा दिएको अख्तियारनामा

(9) अन्य आवश्यक कागजातहरु (बैंक/वित्तीय संस्था स्वयंले तोक्न सक्ने)

(ग) <u>कम्पनीको खाता</u>

(1) कम्पनीको नाम

(2) केन्द्रीय कार्यालय रहेको स्थान

(3) पुरा ठेगाना (टेलिफोन, फ्याक्स समेत)

(4) संस्थापना र गठन सम्बन्धी प्रमाणपत्र तथा कम्पनीको प्रबन्धपत्र र नियमावली

(5) बोर्डका सदस्यहरुको नाम र ठेगाना (भएमा फोन नम्बर समेत उल्लेख गर्ने)

(6) बोर्डका सदस्यहरुको फोटो

(7) खाता खोल्ने र खाता सञ्चालन गर्ने सम्बन्धमा बोर्डले गरेको निर्णय र अख्तियारी

(8) बोर्डले कार्यकारी प्रमुख र अन्य अधिकृत कर्मचारीलाई आर्थिक कारोवारको सम्बन्धमा प्रदान गरेको अख्तियारी

(9) अन्य आवश्यक कागजातहरु (बैंक/वित्तीय संस्था स्वयंले तोक्न सक्ने)

(घ) <u>क्लब/गैरसरकारी संघ संस्थाको खाता</u>

(1) क्लब तथा गैरसरकारी संघ संस्थाको नाम

(2) ठेगाना

(3) संस्था दर्ता प्रमाणपत्र

(4) विधान

(5) कार्य समितिको नाम र ठेगाना (भएमा फोन नम्वर समेत उल्लेख गर्ने)

(6) टेलिफोन नम्बर

(7) खाता खोल्ने सम्बन्धी कार्य समितिको निर्णय

(8) क्लब वा गैरसरकारी संस्थाको संचालक/कार्यकारी समितिका पदाधिकारीहरुको फोटो

(9) खाता सञ्चालन तथा आर्थिक कारोवार सम्बन्धी अख्तियारी

(10) अन्य आवश्यक कागजातहरु (बैंक/वित्तीय संस्था स्वयंले तोक्न सक्ने)

(ङ) <u>सहकारी संस्थाको खाता</u>

(1) संस्थाको नाम

(2) ठेगाना

(3) फोन नं. (भएमा उल्लेख गर्ने)

(4) संस्थाको विनियम

(5) बोर्डका सदस्यहरुको नाम र ठेगाना (भएमा फोन नम्बर समेत उल्लेख गर्ने)

(6) बोर्डका सदस्यहरुको फोटो

(7) संस्था दर्ता सम्बन्धी प्रमाणपत्र

(8) खाता खोल्ने सम्बन्धी बोर्डको निर्णय र आर्थिक कारोवार गर्ने सम्बन्धी अख्तियारी

(9) अन्य आवश्यक कागजातहरु (बैंक/वित्तीय संस्था स्वयंले तोक्न सक्ने)

(च) <u>सार्वजनिक गुठी वा निजी गुठीको खाता</u>

(1) नाम

(2) ठेगाना

(3) फोन नं. (भएमा उल्लेख गर्ने)

(4) विधान

(5) गुठी स्थापना सम्बन्धी भएको कबुलियतनामा

(6) गुठी संचालकको नाम र ठेगाना

(7) गुठी संचालकको फोटो

(8) गुठी स्थापना सम्बन्धी प्रमाणपत्र

(9) व्यवस्थापन समितिका बोर्डका सदस्यहरुको नाम र ठेगाना

(10) खाता खोल्ने सम्बन्धी व्यवस्थापन समिति वा वोर्डको निर्णय र आर्थिक कारोवार सम्बन्धी अख्तियारी

(11) बोर्डका २ जना सदस्यको नाम, थर, ठेगाना, फोटो सहित ठेगाना प्रमाणित हुने कागजात

(12) अन्य आवश्यक कागजातहरु (बैंक/वित्तीय संस्था स्वयंले तोक्न सक्ने)

(छ) <u>स्कूल वा क्याम्पसको खाता</u>

(1) स्कूल वा क्याम्पसको नाम

(2) ठेगाना

(3) प्रबन्धपत्र र नियमावली

(4) संस्था स्वीकृतिको प्रमाणपत्र

(5) स्कूल वा क्याम्पसको प्रमुख पदाधिकारीको नाम, थर, ठेगाना, फोन नं. र फोटो

(6) बोर्डका सदस्यहरुको नाम र ठेगाना (भएमा फोन नम्बर समेत उल्लेख गर्ने)

(7) बोर्डले खाता खोल्ने सम्बन्धी गरेको निर्णय र आर्थिक कारोवार सम्बन्धी दिएको अख्तियारी

(8) बोर्डका २ (दुई) जना सदस्यको नाम, थर, फोटो सहित ठेगाना प्रमाणित हुने कागजात

(9) अन्य आवश्यक कागजातहरु (बैंक/वित्तीय संस्था स्वयंले तोक्न सक्ने)

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(ज) अन्तरराष्ट्रिय गैरसरकारी संस्थाको खाता

(1) संस्थाको नाम

(2) ठेगाना

(3) सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् र संस्था वीच कुनै सम्झौता भएको भए सम्झौताको प्रतिलिपी

(4) श्री ५ को सरकारसँग कुनै सम्झौता भएको भए सो सम्झौता

(5) सम्बन्धित देश वा सो देशको राजदूतावासको सिफारिश पत्र

(6) संस्थाको विधान

(7) संस्थाको दुई प्रमुख पदाधिकारी तथा संचालकको नाम, थर, ठेगाना, फोन नं. र फोटो र ठेगाना प्रमाणित गर्ने कागजातहरु

(8) नेपालस्थित सो संस्थाका तर्फकाट नियूक्त भएको प्रतिनिधि वा प्रमुखको नाम, थर, फोटो सहित ठेगाना प्रमाणित हुने कागजात

(9) संस्थाले खाता खोल्न दिएको अख्तियारी र आर्थिक कारोवार गर्न दिएको अख्तियारी

(10) अन्य आवश्यक कागजात (बैंक/वित्तीय संस्था स्वयंले तोक्न सक्ने)

(झ) विदेशी व्यक्तिको खाता

(1) म्याद ननाघेको भिसाको प्रतिलिपी

(2) पासपोर्टको प्रतिलिपी

(3) कार्यरत संस्थाको सिफारिश पत्र (कर्मचारी भए)

(4) अन्य आवश्यक कागजातहरु (बैंक/वित्तीय संस्था स्वयंले तोक्न सक्ने)

(ञ) विदेशी कम्पनीको खाता

(1) बिदेशी कम्पनी दर्ता भएको कागजात

(2) कम्पनीको प्रबन्धपत्र, नियमावली

(3) बैदेशिक कम्पनीले खाता खोल्न दिएको अख्तियारी तथा कारोवार गर्न दिएको अख्तियारी

(4) रजिष्टर्ड ठेगाना/व्यापारिक ठेगाना प्रमाणित गर्ने कागजात

(5) बैदेशिक कम्पनीको प्रमुख दुई पदाधिकारीहरुको नाम, थर, ठेगाना, फोटो, फोन नं. सहित व्यक्तिगत विवरण र ठेगाना प्रमाणित हुने कागजात

(6) अन्य आवश्यक कागजात (बैंक/वित्तीय संस्था स्वयंले तोक्न सक्ने)

(ट) कुटनैतिक नियोग/राजदुतावासको खाता

(1) नियोग/राजदुतावासको पत्र

(2) खाता सञ्चालन सम्बन्धी अख्तियारी

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३



(3) खाता सञ्चालकको नाम, थर, ठेगाना, फोटो तथा ठेगाना प्रमाणित हुने कागजात

(4) अन्य आवश्यक कागजात (बैंक/वित्तीय संस्था स्वयंले तोक्न सक्ने)

(ठ) <u>गैरआवासीय नेपाली नागरिकको खाता</u>

(1) आय स्रोत खुल्ने कागजातहरु

(2) रोजगारदाता संस्था सँगको सम्झौतापत्र/नियुक्तीपत्र

(3) पासपोर्टको प्रतिलिपी

(4) अन्य आवश्यक कागजातहरु (बैंक/वित्तीय संस्था स्वयंले तोक्न सक्ने)

(आ) **खाता नभएका अन्य ग्राहकको सम्बन्धमा**

विप्रेषणको माध्यमबाट अन्य स्थानमा रकमान्तर गर्न अनुरोध गर्ने ग्राहक तथा विप्रेषणबाट आएको रकम भुक्तानी पाउँ भनी अनुरोध गर्ने ग्राहकको हकमा बैंक तथा वित्तीय संस्थाले त्यस्ता ग्राहकको सही पहिचान गरी तीनको नाम र ठेगाना सुरक्षित राख्नु पर्नेछ ।

**द्रष्टव्यः**

(क) शंकास्पद तथा अस्वभाविक कारोवार भन्नाले खाता खोल्ने समयमा बैंक/वित्तीय संस्थालाई उपलब्ध गराईएको विवरण सँग मेल नखाने प्रकृतिको कारोवार र रकम देखिएको अवस्थालाई समेत सम्झनु पर्छ ।

(ख) स्रोत नखुलेको भन्नाले रकम पठाउने व्यक्ति, फर्म, कम्पनी तथा संस्थाको नाम, ठेगाना स्पष्ट नभएको र नोकरी, व्यवसाय तथा अन्य आम्दानीको स्रोतको वारेमा सम्वन्धित बैंक/वित्तीय संस्थालाई चित्तबुझ्दो विवरण प्राप्त नभएको अवस्थालाई समेत सम्झनु पर्छ ।

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालूवाटार, काठमाडौं
फोन : ४११४०७
फ्याक्स : ४१४५५२
E-mail : <bkpromot@htp.com.np>
Web Sites : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

अनुसूची - २

### बैंक तथा वित्तीय संस्थामा ऋणको लागि निवेदन दिंदा खुलाउनु पर्ने बिबरणको ढाँचा

मितिः ....................

रु. '०००

| ऋण लिएको अन्य बैंक/वित्तीय संस्थाको नाम | बक्यौता रकम (मिति) | म्याद नाघेको छ/छैन |
|---|---|---|
| १. ....... बैंक/वित्तीय संस्था<br>❖ चालु पूँजी कर्जा<br>❖ आवधिक कर्जा<br>❖ अन्य कर्जा<br>❖ गैरकोषमा आधारित सुविधा | | |
| जम्मा | | |
| २. ....... बैंक/वित्तीय संस्था<br>❖ चालु पूँजी कर्जा<br>❖ आवधिक कर्जा<br>❖ अन्य कर्जा<br>❖ गैरकोषमा आधारित सुविधा | | |
| जम्मा | | |
| | | |
| कुल जम्मा | | |

उपरोक्त बमोजिम म/हामीले घोषणा गरेको विवरण ठीक छ झुट्टा ठहरे कानून बमोजिम कारवाही भएमा मञ्जुरी छ भनी सही गर्ने:

अधिकार प्राप्त अधिकारीको दस्तखत:

व्यक्तिको नाम/फर्म, कम्पनी र संस्थाको नाम र छाप: